केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१२/०७६/७७

मिति: २०७६/११/२२

**इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु,**

महाशय,

नेपाली नागरिकसँग रहेको सुन बैंकमा निक्षेपको रुपमा जम्मा गर्न सक्ने विषयमा नीतिगत व्यवस्था गर्ने सन्दर्भमा यस बैंकवाट "क","ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन २१/०७६ मा देहायबमोजिम बुँदा नं. ४८ थप गरी क्रमसंख्या मिलान गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**४८. नेपाली नागरिकसँग भएको सुन निक्षेप लिने सम्बन्धमा :**

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरुले नेपाली नागरिकहरुसंग रहेको सुनलाई देहाय बमोजिमको व्यवस्था गरी निक्षेपको रुपमा स्वीकार गर्न सक्नेछन् :-

क. वाणिज्य बैंकहरुले सुन निक्षेप लिने सम्बन्धमा नीति तथा विस्तृत कार्यविधि बनाई संचालक समितिबाट पारित गराई लागू गर्नुपर्नेछ । यसरी सुन निक्षेप स्वीकार्ने भएमा यस बैंकमा सो निर्णय भएको सात कार्यदिनभित्र जानकारी गराउनु पर्नेछ ।

ख. सुन निक्षेप लिँदा निक्षेपकर्ताबाट उपलब्ध हुने सुनको शुद्धता तथा तौलको जाँच गर्ने संयन्त्रको स्थापना गरी कम्तीमा ९९५ Fitness को सुनमात्र स्वीकार गर्नुपर्नेछ ।

ग. वाणिज्य बैंकहरुले निक्षेपको रुपमा प्राप्त सुनलाई ढुकुटी दाखिला गरी शुद्धता तथा तौलको आधारमा अलग गरी सुरक्षित तवरले ढुकुटी भित्र राख्ने व्यवस्था गर्नुपर्नेछ । ढुकुटी सुरक्षाकालागि सिसिटिभि क्यामरा, स्ट्रंग रुम, दोहोरो चावी लगायत आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ ।

घ. कुन शाखाबाट सुन निक्षेप स्वीकार गर्ने हो सो तोकेर सूचना प्रकाशन गर्नुपर्नेछ ।

२. सुन निक्षेपको रुपमा स्वीकार गर्दा वाणिज्य बैंकहरुले देहायको प्रकृया अवलम्बन गर्नुपर्नेछ :-

क. न्यूनतम २५ ग्राम परिमाणको सुनलाई निक्षेपको रुपमा स्वीकार गर्नुपर्नेछ ।

ख. निक्षेपकर्ताले सुन निक्षेप राख्न आएमा प्राप्त सुनलाई तोकिएको शाखामा जाँच गराई शुद्धता तथा तौल यकिन गरी प्रमाण पत्र दिनुपर्नेछ ।

ग. बैंकहरुले सुन निक्षेप राख्न आएका ग्राहकलाई सुन निक्षेप लिदाँका बखत नै आफूले जम्मा गरेको साँवा सुन तथा ब्याज सुनमै फिर्ता लिने वा नगदमा लिने सो को यकिन गराउनुपर्नेछ ।

घ. सुन जम्मा गर्दा निक्षेपको अवधि (Maturity) तय गर्नुपर्नेछ । सो निक्षेपको अवधि कम्तिमा ३ वर्ष तथा अधिकतम ५ वर्षको हुनुपर्नेछ । यस्तो सुन निक्षेपलाई नवीकरण गर्न सकिनेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

ङ. उपबुँदा नं (ख) को प्रमाणपत्रको आधारमा सुन स्वीकार गरी अन्य आवश्यक विवरणको अलावा निम्न विवरण खुलाई निक्षेपको प्रमाणपत्र दिनुपर्नेछ :

१. सुनको साँवा परिमाण
२. सुनको शुद्धता
३. निक्षेपको ब्याजदर
४. निक्षेपको अवधि
५. निक्षेप अवधि पश्चात साँवा तथा ब्याज सुनमा लिन चाहेको वा नगदमा लिन चाहेको विषय ।

च. निक्षेपको रुपमा स्वीकार गरिने सुनलाई बैंकले आफ्नो नीति अनुसार आवश्यक जोखिम व्यवस्थापन गरी व्यवसायीलाई बेच्ने वा ढुकुटीमा राखी राख्ने विषयमा निर्णय गर्नसक्नेछ ।

३. सुन निक्षेपको ब्याजदर बैंकले निर्धारण गर्न सक्नेछन् । नगदमा ब्याज लिने ग्राहकलाई ब्याज रकम त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्नेछ भने सुनमा ब्याज लिन चाहने ग्राहकलाई त्रैमासिक रुपमा Compounding Interest गणना गरी निक्षेप अवधि पश्चात सुनमा भुक्तानी गर्नुपर्नेछ ।

४. वाणिज्य बैंकहरुले प्राप्त गरेको तथा भुक्तानी गर्ने सुनलाई आफ्नो सुन निक्षेप खातामा जुन मितिमा सुन प्राप्त भएको हो सोही मितिमा र जुन मितिमा भुक्तानी हुने हो सोही मितिको सुन चाँदी व्यवसायी महासंघले तोकेअनुसारको बजार मूल्य बमोजिम मूल्यांकन गरी लेखांङ्कन गर्नुपर्नेछ ।

५. निक्षेप स्वीकार गर्ने बैंकको ढुकुटीमा रहेको सुनलाई यस बैंकको निर्देशन बमोजिम कायम गर्नु पर्ने CRR तथा SLR मा गणना गर्न सकिनेछ । यस प्रयोजनको लागि CRR को अधिकतम २५ प्रतिशतसम्म मात्र सुन निक्षेपको रुपमा गणना गर्न सकिनेछ ।

६. सुन निक्षेपकर्ताको समेत अन्य निक्षेपकर्ताको जस्तै खाता खोल्दा ग्राहक पहिचानपत्रको सम्पूर्ण विवरण प्राप्त गरी अद्यावधिक गर्नुपर्नेछ ।

७. रु.१० लाख वा सो भन्दा बढी सुन निक्षेपको अनिवार्य रुपमा श्रोत खुलाउनु पर्नेछ ।

८. निक्षेप लिँदाका समयमा तोकिएको अवधि भन्दा अघि Premature गरी भुक्तानी दिन पाइनेछैन ।

९. सुन निक्षेप प्रमाणपत्रलाई सोही बैंकमा धितो राखी निक्षेपमा रहेको सुनको ७० प्रतिशतसम्म कर्जा प्रदान गर्न सकिनेछ ।

१०. यस्तो कर्जाको ब्याजदर बैंकले सुन निक्षेपमा दिइएको ब्याजदरमा २ प्रतिशत सम्म थप गरी तोक्न सक्ने छन् ।

११. सुन निक्षेप तथा ढुकुटी व्यवस्थापन सम्बन्धमा बैंकको आन्तरिक लेखापरीक्षकबाट कम्तीमा अर्धवार्षिकरुपमा लेखापरीक्षण तथा सुन मौज्दातको भौतिक परीक्षण भएको हुनु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

१२. सुन निक्षेपको काम कारवाही सम्बन्धमा यस बैंकले समय समयमा पूर्व सूचना दिएर वा नदिई निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

१३. अनूसूची २१.६ तथा २१.७ बमोजिमको विवरण महिना समाप्त भएको ७ दिन भित्र बैंक सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ ।

...................................... लिमिटेड

**सुन निक्षेपको मासिक विवरण**

...........साल ............महिनाको विवरण

अनुसूची २१.६

(रु. हजारमा)

| सि.नं. | सुन निक्षेपकर्ताको नाम | शाखा | सुन | | निक्षेप रकम (रु.) | निक्षेप | |
|---|---|---|---|---|---|---|---|
| | | | तौल | गुणस्तर | | अवधि (वर्ष) | समाप्त हुने मिति |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| | जम्मा | | | | | | |

...................................... लिमिटेड

**सुन निक्षेपको प्रमाणपत्रको धितोमा प्रवाह भएको कर्जाको मासिक विवरण**

...........साल ............महिनाको विवरण

अनुसूची २१.७

(रु. हजारमा)

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

| सि.नं. | ग्राहकको नाम | शाखा | कर्जा रकम | कर्जा अवधि (वर्ष) | सुन निक्षेप प्रमाणपत्र नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | **जम्मा** | | | | |

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(८)श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(९)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।